# श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान-२०२३ को आठौ संशोधन-२०८०

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| १ | परिच्छेद-१ दफा-२ उपदफा-(१) | उपदफा (१) को खण्ड (ग) पछि खण्ड (ग१) थप | (ग१) "अधिवेशन/महाधिवेशन" भन्नाले कार्य समितिको कार्यकाल समाप्त भई निर्वाचन हुने वर्ष जिल्ला, इकाईको साधारण सभालाई अधिवेशन र केन्द्रीय साधारण सभालाई महाधिवेशन भनिनेछ। | चलनचल्तिमा भएको शब्दलाई विधानमा थप गरी स्पष्ट पारिएको |
| २ | परिच्छेद-१ दफा-२ उपदफा-(१) | उपदफा (१) को खण्ड (ण) पछि खण्ड (त) नयां थप | (त) "सहयोगी सदस्य" भन्नाले यस विधानको दफा ९ को उपदफा (५) मा उल्लेखित सनातन हिन्दु धर्म सिद्धान्त प्रति आस्थावान रहि धार्मिक तथा सामाजिक कार्यमा कम्तिमा ५ वर्ष सेवा कार्य गरेका संस्थाहरुले यस संस्थासंग सहकार्य गर्न इच्छुक सहयोगी सदस्यलाई बुझिने छ। | परिभाषामा स्पष्ट पारिएको |
| ३ | परिच्छेद-३ दफा-१० उपदफा-१(क) | १०. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने बिधि :**<br>(१) ब्यक्तिगत सदस्यता देहाय बमोजिम प्रदान गरिनेछ :<br>(क) स्थानीय मन्दिर वा सत्संग इकाई तहको साधारण सभाको सदस्य हुन चाहने व्यक्तिले सो मन्दिर वा इकाई समितिमा रु.२५/- प्रवेशशुल्क र रु.७५/- सदस्यता शुल्क (तिनबर्षका लागि) बुझाउनु पर्नेछ । यस्तो सदस्यता ३ वर्ष सम्म मात्र कायम रहनेछ र त्यसपछि सदस्यता शुल्क बुझाई सदस्यता समाप्त भएको ३ महिना भित्र नवीकरण गराउनु पर्नेछ। स्थानीय मन्दिर वा सत्संग इकाई समितिले योग्य सुन्दरसाथलाई सदस्यता लिन प्रेरित गर्नेछ। | १०. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने बिधि**<br>(१) ब्यक्तिगत सदस्यता देहाय बमोजिम प्रदान गरिनेछ :<br>(क) स्थानीय मन्दिर वा सत्संग इकाई समितिको सदस्य हुन चाहने सुन्दरसाथले सो मन्दिर वा सत्संग इकाई समितिमा रु.१००/- सदस्यता शुल्क (तीन बर्षका लागि) बुझाउनु पर्नेछ। यस्तो सदस्यता ३ वर्षसम्म मात्र कायम रहनेछ र त्यसपछि रु.१००।- सदस्यता शुल्क बुझाई सदस्यता समाप्त भएको ३ महिना भित्र नविकरण गराउनु पर्नेछ । स्थानीय मन्दिर वा सत्संग इकाई समितिले योग्य सुन्दरसाथलाई सदस्यता लिन प्रेरित गर्नेछ। | सदस्यता नविकरण व्यवस्था स्पष्ट गरिएको। |
| ४ | परिच्छेद-३ दफा-१० उपदफा-१ (ग) | (ग) माथि खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सुन्दरसाथले कुनै मन्दिर वा सत्संग इकाईको लागि जग्गा खरिद गर्न वा मन्दिर वा सत्संग भवन निर्माण गर्न जग्गा प्रदान गरेको वा संस्था स्थापना एवं संचालन गर्न नगद वा जिन्सी सहयोग गरेको वा गर्दै आएको भएमा त्यस्तो सुन्दरसाथलाई सम्बन्धित कार्य समितिको निर्णयले बिना शुल्क सो मन्दिर वा सत्संग इकाईको सदस्यता प्रदान गर्न सकिने छ । | (ग) माथि खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सुन्दरसाथले कुनै मन्दिर वा सत्संग इकाईको लागि जग्गा खरिद गर्न वा मन्दिर वा सत्संग भवन निर्माण गर्न जग्गा प्रदान गरेको वा संस्था स्थापना एवं संचालन गर्न वा मेला पर्व गर्न, अक्षयकोष स्थापना तथा नगद वा जिन्सी सहयोग गरेको वा गर्दै आएको भएमा त्यस्तो सुन्दरसाथलाई सम्बन्धित कार्य समितिको निर्णयले बिना शुल्क सो मन्दिर वा सत्संग इकाईको आजीवन सदस्यता प्रदान गर्न सकिने छ। | विशिष्ट योगदान गर्ने सदस्यलाई आजीवन सदस्यता दिन उपयुक्त भएकोले मिलाइएको |
| ५ | परिच्छेद-३ दफा-१० उपदफा-२(ख) | **(२) संस्थागत सदस्यता देहाय बमोजिम प्रदान गरिनेछ :-**<br>(ख) श्रीकृष्ण प्रणामी धर्मावलम्वीहरुद्वारा प्रवर्द्धन भएको एकल (इकाई नभएको) संस्थाले यस संस्थाको संस्थागत सदस्यता लिन चाहेमा रु.५००/- प्रवेश शुल्क र रु.१,५००/- सदस्यता शुल्क लिई संस्थागत सदस्यता प्रदान गरिनेछ। यस्तो संस्थाले पनि आफ्नो संस्थामा रहेका सदस्यहरुको बिवरण उपधारा (६) बमोजिम यस संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्नु पर्नेछ। | **(२) संस्थागत सदस्यता देहाय बमोजिम प्रदान गरिनेछ :**<br>(ख)श्रीकृष्ण प्रणामी धर्मावलम्वीहरुद्वारा प्रवर्द्धन भएको एकल (इकाई नभएको) संस्थाले यस संस्थाको संस्थागत सदस्यता लिन चाहेमा रु.५००।- प्रवेश शुल्क र रु.१,५००।- सदस्यता शुल्क लिई संस्थागत सदस्यता प्रदान गरिनेछ । यस्तो संस्थाले पनि आफ्नो संस्थामा रहेका सदस्यहरुको बिवरण उपदफा (६) बमोजिम यस संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्नु पर्नेछ र प्रत्येक तीन वर्षमा महाधिवेशन हुने वर्ष भाद्र १५ गते भित्र सम्बन्धित संस्थाको संस्था दर्ता प्रमाणपत्रको नविकरण भएको निस्सा पेश गरी सदस्यता अध्यावधिक गर्नु पर्नेछ। | सदस्यता अध्यावधिकको व्यवस्था छुट भएकोले थप गरिएको। |

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| ६ | परिच्छेद-३ दफा-१० उपदफा-२(ग) | (ग) श्रीकृष्ण प्रणामी धर्मावलम्वीहरुद्वारा प्रवर्द्धन भएको इकाई समेत रहेको (Networking भएको) संस्थाले यस संस्थाको सदस्यता लिन चाहेमा रु.५००/- प्रवेश शुल्क र रु.२,५००/- सदस्यता शुल्क तथा प्रति इकाई थप रु.५००/- सदस्यता शुल्क बुझाएमा संस्थागत सदस्यता प्रदान गरिनेछ । यस्तो संस्थाले पनि संस्था र अन्तरगतका इकाईमा रहेका सदस्यहरुको बिवरण उपधारा (६) बमोजिम यस संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्नु पर्नेछ । | (ग) श्रीकृष्ण प्रणामी धर्मावलम्वीहरुद्वारा प्रवर्द्धन भई इकाई समेत रहेको संस्थाले यस संस्थाको सदस्यता लिन चाहेमा रु.५००।- प्रवेश शुल्क र रु.२,५००।- सदस्यता शुल्क तथा प्रति इकाई थप रु.५००।- का दरले सदस्यता शुल्क बुझाएमा संस्थागत सदस्यता प्रदान गरिनेछ । यस्तो संस्थाले पनि संस्था र अन्तरगतका इकाईमा रहेका सदस्यहरुको विवरण उपदफा (६) बमोजिम यस संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्नु पर्नेछ र प्रत्येक तीन/तीन वर्षमा हुने महाधिवेशन अगावै भाद्र १५ गते भित्र सम्बन्धित संस्थाको संस्था दर्ता प्रमाणपत्रको नविकरण भएको निस्सा पेश गरी सदस्यता अध्यावधिक गर्नु पर्नेछ । | सदस्यता अध्यावधिकको व्यवस्था छुट भएकोले मिलाइएको । |
| ७ | परिच्छेद-३ दफा-१० (६) | (६) समिति अर्न्तगतका इकाई तथा संस्थागत सदस्यहरुले आफ्ना सम्पूर्ण व्यक्तिगत सदस्यहरुको नामावली तथा विवरण तोकिएको ढाँचामा संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु पर्ने छ र त्यसपछि प्रत्येक साधारण सभा हुनु भन्दा एक महिना अगावै सदस्यता नवीकरण र थप भएका सदस्यहरुको विवरण केन्द्रीय कार्यालयमा बुझाउनु पर्नेछ । | (६) सेवा समितिबाट प्रमाणपत्र प्राप्त जिल्ला तथा मन्दिर, सत्संग इकाई समिति तथा संस्थागत सदस्यले प्रत्येक वर्ष केन्द्रीय साधारण सभा हुनु एक महिना अगावै थप भएका सदस्यहरुको विवरण, प्रगति विवरण र आर्थिक विवरण केन्द्रीय समितिमा पठाउनु पर्नेछ र प्रत्येक तीन/तीन वर्षमा आफनो इकाईको सम्पूर्ण विवरण महाधिवेशन हुने वर्षको भाद्र १५ गते भित्र संस्थाको जिल्ला समिति तथा केन्द्रीय कार्यालयमा आइपुग्ने गरी अनिवार्य अध्यावधिक गराउनु पर्नेछ । अध्यावधिक विवरण समयभित्र प्राप्त नभएका समिति (संस्थागत संस्था समेत) का प्रतिनिधिले अध्यावधिक नगरुन्जेल सम्म जिल्ला तथा केन्द्रीय महाधिवेशनमा पर्यवेक्षकको रुपमा मात्र भाग लिन पाउने छन । | व्यक्तिगत सदस्यता अध्यावधिक स्थिति कायम राख्न तथा जिल्ला तथा मन्दिर, सत्संग इकाई समिति तथा संस्थागत संस्थाले सेवा समिति संगको सम्बन्ध अद्यावधिक राख्नका लागि आवश्यक भएकोले । |
| ८ | परिच्छेद-३ दफा-१० -९) | (९) यस धारा बमोजिम सदस्यता प्राप्त गरेका संस्थागत सदस्यले आफ्नो साइनबोर्डमा माथि श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल लेख्नु पर्ने छ । | (९) यस दफा बमोजिम सदस्यता प्राप्त गरेका संस्थागत सदस्यले आफ्नो साइनबोर्डमा माथि श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल लेख्नु पर्ने छ । साथै संस्थागत सदस्यले आफनो विधानमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल नेपालमा प्रणामी समाजको केन्द्रीय संस्था भएकोले यस संस्थाको संस्थागत सदस्यता लिएको ब्यहोरा उल्लेख गर्नुपर्ने छ । | संस्थागत ऐक्यवद्धाताका लागि आवश्यक भएकोले थप गरिएको |
| ९ | परिच्छेद-४ दफा-१२ उपदफा-३ | **१२. साधारण सभा तथा गठन विधि :**<br>**(३) केन्द्रीय साधारण सभा :**<br>संस्थाको केन्द्रीय सदस्यहरुको भेलालाई केन्द्रीय साधारण सभा भनिनेछ र केन्द्रीय साधारण सभामा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-<br>(क) प्रत्येक इकाई कार्य समितिको अध्यक्ष र ईकाई साधारण सभाबाट निर्वाचित केन्द्रीय प्रतिनिधि सदस्य एक जना,<br>"तर श्री नवतनधामको हकमा अन्तर्गत मन्दिर तथा | **१२. साधारण सभा तथा गठन विधि :**<br>**(३) केन्द्रीय साधारण सभा :**<br>संस्थाको केन्द्रीय सभाका प्रतिनिधिहरुको भेलालाई केन्द्रीय साधारण सभा भनिनेछ र केन्द्रीय साधारण सभामा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-<br>(क) मन्दिर/सत्संग इकाई समिति (संस्थागत सदस्य समेत)को हकमा :<br>(अ) २०० जनासम्म सदस्यहरु भएको इकाईबाट अध्यक्ष वा अध्यक्ष उपस्थित हुन नसक्ने अवस्था भएमा पदाधिकारी मध्येबाट इकाई | संस्था दर्ता ऐन, नियमावलीको व्यवस्था अनुसार सबैक्षेत्रबाट प्रतिनिधित्व हुने व्यवस्था स्पष्ट पारिएका |

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| | | आश्रमहरुका व्यवस्थापन समितिका संयोजक र श्री नवतनधामको अध्यक्ष सहित ११ जना केन्द्रीय सभा सदस्य रहने छन ।<br>(ख) प्रत्येक जिल्ला कार्य समितिका अध्यक्ष र जिल्ला साधारण सभाबाट निर्वाचित केन्द्रीय प्रतिनिधि सदस्य एकजना,<br>(ग) प्रत्येक संस्थागत सदस्यले सो संस्थाको अध्यक्ष र एकजना प्रतिनिधि र इकाई समितिहरु रहेको भए त्यस्तो हरेक इकाई समितिको अध्यक्ष र एक जना प्रतिनिधि केन्द्रीय सभाको सदस्य हुनेछन् । .<br>(घ) केन्द्रीय कार्य समितिका बहालवाला पदाधिकारी तथा सदस्यहरु, तर केन्द्रीय समितिका बहालवाला पदाधिकारी तथा सदस्यहरुलाई केन्द्रीय समितिको निर्वाचनमा उम्मेदवार बन्न तथा मतदान गर्नका लागी निजको कुनै पनि मन्दिर वा सत्संग इकाईको सदस्यता कायम रहेको हुनु पर्नेछ ।<br>(ङ) बिभिन्न क्षेत्रका प्रबुद्ध सुन्दरसाथहरु मध्येबाट युवा, प्रचारक, सन्त, महन्तको क्षेत्रगत प्रतिनिधित्व समेत हुने गरी केन्द्रीय कार्य समितिद्धारा केन्द्रीय सभाका लागि मनोनित कम्तिमा ४ जना महिला सहित बढीमा १५ जना सदस्यहरु ।<br>(च) खण्ड (क) र खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि "श्री नवतनधाम बाहेकमा" इकाई साधारण सभाले केन्द्रीय सभाको सदस्यका लागि प्रतिनिधि सदस्यको निर्वाचन गर्दा सदस्य संख्या दूई सय सम्म भए एक जना, पाँच सय सम्म भए दुई जना, आठ सय वा सो भन्दा माथि जति सुकै सदस्य भएपनि तीन जना सम्मको केन्द्रीय प्रतिनिधि सदस्यको निर्वाचन गर्नेछ । | समितिले मनोनित गरि पठाएको प्रतिनिधि-१ जना र केन्द्रीय प्रतिनिधि १ समेत २ जना प्रतिनिधि ।<br>(आ) २०१ देखि ५०० जनासम्म सदस्यहरु भएको इकाईबाट उपखण्ड ( अ) अनुसारको व्यवस्था बमोजिम १ जना र कार्य समितिले इकाईसभाबाट निर्वाचित गरि पठाएका थप २ जना सहित ३ जना प्रतिनिधि ।<br>(इ) ५०१ देखि माथि जतिसुकै सदस्य भएपनि इकाईबाट उपखण्ड (अ) अनुसारको व्यवस्था बमोजिम १ जना र कार्य समितिले इकाई सभाबाट निर्वाचित गरि पठाएका ३ जना (एक जना महिला) सहित ४ जना प्रतिनिधि ।<br>(ख) जिल्ला समितिको हकमाः प्रत्येक जिल्ला कार्य समितिका अध्यक्ष र जिल्ला साधारण सभाबाट निर्वाचित केन्द्रीय प्रतिनिधि सदस्य एकजना,<br>(ग) केन्द्रीय मन्दिर श्री नवतनधाम तथा अन्तर्गत मन्दिरका संयोजकहरु-५ जना, नवतनधाम व्यवस्थापन समितिले नवतनधाम सभाबाट सिफारिस गरि पठाएका कम्तिमा १ जना महिला पर्ने गरी-६ जना सहित ११ जना सदस्यहरु प्रतिनिधि ।<br>(घ) केन्द्रीय समितिका वर्तमान पदाधिकारी तथा सदस्यहरु, पूर्व केन्द्रीय अध्यक्षहरु, प्रदेश समितिका संयोजकहरु प्रतिनिधि हुनेछन, तर केन्द्रीय समितिका बर्तमान पदाधिकारी तथा सदस्यहरुले केन्द्रीय समितिको निर्वाचनमा उम्मेदवार बन्न तथा मतदान गर्नका लागि निजको कुनै पनि मन्दिर वा सत्संग इकाईको सदस्यता कायम रहेको हुनु पर्नेछ ।<br>(ङ) श्रीकृष्ण प्रणामी युवा परिषद नेपालको केन्द्रीय कार्य समितिले अनुभवी र प्रवुद्ध युवा सदस्यहरु मध्येबाट सिफारिस गरि पठाएका २ जना र श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालको केन्द्रीय समितिबाट अनुभवी र प्रवुद्ध महिला सदस्यहरु मध्येबाट सिफारिस गरि पठाएका २ जना र बिभिन्न क्षेत्रका प्रबुद्ध एवं दानविर सुन्दरसाथहरु मध्येबाट केन्द्रीय समितिद्धारा केन्द्रीय सभाका लागि मनोनित २ जना महिला सहित ११ जना समेत जम्मा १५ जना सदस्यहरु प्रतिनिधि ।<br>(च) केन्द्रीय सल्लाहकार समितिका संयोजक तथा संयोजकले सल्लाहकारहरु मध्येबाट मनोनयन गरि पठाएका ४ जना सहित ५ जना सदस्यहरु र संरक्षक परिषद सचिवालयका संयोजक तथा सदस्यहरु प्रतिनिधि । | संस्था दर्ता ऐन, नियमावलीको व्यवस्था अनुसार सबैक्षेत्रबाट केन्द्रीय सभामा प्रतिनिधित्व हुने व्यवस्था थप स्पष्ट पारिएका |

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| | | | तर सल्लाहकार समिति र संरक्षक परिषद सचिवालयका संयोजक तथा सदस्यहरुलाई निर्वाचन प्रकृयामा उमेद्बारी दिने वा मतदान गर्ने तथा कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक बस्ने अधिकार हुने छैन ।<br>(छ) खण्ड (क) र खण्ड (ख) को व्यवस्था अनुसार जतिसुकै संख्यामा प्रतिनिधित्व भएपनि साधारण सभाको गणपुरक संख्याको हकमा प्रत्येक जिल्ला, मन्दिर वा सत्संग इकाईलाई १ मात्र गणना गरिने छ । तर मताधिकार भने उपस्थित सबै व्यक्तिगत प्रतिनिधिहरुको रहने छ । | |
| १० | **परिच्छेद-४ दफा १३. :** ***उपदफा (३)*** | **दफा १३. साधारण सभाको बैठक :**<br>(३) प्रत्येक वर्ष साधारण सभाको बैठक बोलाउँदा सामान्यतया इकाई साधारण सभा पौष मसान्त भित्र, जिल्ला साधारण सभा फागुन मसान्त भित्र र केन्द्रीय साधारण सभा चैत्र मसान्त भित्र बोलाई सक्नु पर्नेछ । | **दफा १३. साधारण सभाको बैठक :**<br>(३) प्रत्येक वर्ष साधारण सभाको बैठक बोलाउँदा सामान्यतया इकाई साधारण सभा भाद्र १५ गते भित्र, जिल्ला साधारण सभा भाद्र मसान्त भित्र र केन्द्रीय साधारण सभा असोज महिना भित्र सम्पन्न गरी सक्नु पर्नेछ । | संस्था दर्ता ऐन, नियमावलीको व्यवस्था अनुसार समय मिलान गरिएको |
| ११ | परिच्छेद-४ दफा-१५ उपदफा-१ | **१५. कार्य समितिको गठनः**<br>**(१) केन्द्रीय कार्य समिति :**<br>संस्थाको कार्य संचालनको निमित्त केन्द्रीय स्तरमा एक केन्द्रीय कार्य समिति गठन हुनेछ । केन्द्रीय कार्य समितिमा देहाय बमोजिमका ४१ (एकचालीस) जना सम्म पदाधिकारी तथा सदस्यहरु रहनेछन् ।<br>(क) अध्यक्ष-१ जना,<br>(ख) निवर्तमानअध्यक्ष १ जना,<br>(ग) उपाध्यक्षहरु ७ जना-जस्मा काठमाडौं उपत्यकाबाट १ जना, मध्यमाञ्चल (काठमाडौं उपत्यका बाहेक) बाट १ जना, पश्चिमाञ्चलबाट १ जना, मध्य तथा सुदुर पश्चिमाञ्चलबाट १ जना र पुर्वाञ्चलबाट १ जना, श्रीकृष्ण प्रणामी प्रतिष्ठान नेपाल बाट १ जना र श्रीकृष्ण प्रणामी सत्संग सेवा परिषद झापाबाट १ जना रहने छन् ।<br>तर श्रीकृष्ण प्रणामी प्रतिष्ठान नेपाल र श्रीकृष्ण प्रणामी सत्संग सेवा परिषद झापाको विधानमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, प्रणामी समाजको केन्द्रीय संस्थाभएको, ति संस्था श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको संस्थागत सदस्य भएको र ति संस्थाको तर्फबाट श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीय कार्य समितिमा एक उपाध्यक्ष रहने कुरा उल्लेख गर्नुपर्ने छ । | **१५.समितिहरुको गठनः**<br>**(१) केन्द्रीयसमिति :**<br>संस्थाको कार्य सञ्चालनको निमित्त केन्द्रीय स्तरमा एक केन्द्रीय समिति गठन हुनेछ । केन्द्रीय समितिमा देहाय बमोजिमका ४१ (एकचालिस) जनासम्म पदाधिकारी तथा सदस्यहरु रहनेछन् ।<br>(क) अध्यक्ष–१ जना<br>(ख) निवर्तमान अध्यक्ष–१ जना<br>(ग) उपाध्यक्ष– ८ जना<br>(घ) महासचिव–१ जना<br>(ङ) कोषाध्यक्ष–१ जना<br>(च) उपमहासचिव–१ जना<br>(छ) सहकोषाध्यक्ष–१ जना<br>(ज) सदस्य –२४ जना<br>(झ) श्री नवतनधाम व्यवस्थापन समितिको संयोजक–१ जना पदेन सदस्य<br>(ञ) श्रीकृष्ण प्रणामी युवा परिषद नेपालको केन्द्रीय अध्यक्ष–१ जना पदेन सदस्य<br>(ट) श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालको केन्द्रीय अध्यक्ष–१ जना पदेन सदस्य ।<br>(ठ) संरक्षक परिषद सचिवालयको संयोजक-१ जना पदेन आमन्त्रित | परिवर्तित संरचना र व्यवस्था बमोजिम प्रादेशिक संरचनाको व्यवस्था सहित कार्यक्षेत्र समेत स्पष्ट पारी समयानुकुल मिलाइएको |

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| | | (घ) महासचिव-१ जना,<br>(ङ) कोषाध्यक्ष-१ जना,<br>(च) उपमहासचिव-१ जना,<br>(छ) सहकोषाध्यक्ष-१ जना,<br>(ज) सदस्य - १० जना सम्म (क्षेत्रगत ५ जना, खुल्ला ५ जना) ( प्रत्येक क्षेत्रबाट कम्तीमा एक जना सदस्य पर्नेगरी),<br>(झ) श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको केन्द्रीयअध्यक्ष पदेन सदस्य-१ जना,<br>(ञ) श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालको केन्द्रीय अध्यक्ष पदेन सदस्य-१ जना,<br>(ट) कार्य समितिले संस्थाको साधारण सदस्यता प्राप्त गरेका सुन्दरसाथ मध्येबाट मनोनित गरेका कम्तीमा तीन जना महिला सहित १३ जना,<br>(ठ) कार्य समितिले संस्थाको साधारण सदस्यता प्राप्त गरेका सन्त, महन्त तथा पुजारीहरु मध्येबाट मनोनित गरेका-३ जना सदस्य । | बिशेष सदस्य,<br>(ड) सल्लाहकार समितिको संयोजक-१ जना पदेन आमन्त्रित बिशेष सदस्य,<br>नोटः खण्ड (ठ) र खण्ड (ड) मा उल्लेखित सदस्यलाई गणपुरक संख्यामा गणना गरिने छैन ।<br>१(क) यो संस्था धार्मिक तथा सामाजिक संस्था भएकोले उपदफा (१) बमोजिमको केन्द्रीय समितिको नेतृत्व चयन गर्दा संरक्षक परिषद सचिवालयले सल्लाहकार समितिसंग समन्वय तथा सहजिकरण गरी सम्भव भएसम्म सहमतीय प्रणालीमा समिति गठन गर्ने बातावरण तयार गर्ने भूमिका खेल्नेछ ।<br>१(ख) साधारणसभाले समितिका १ जना अध्यक्ष, ६ जना क्षेत्रगत उपाध्यक्षहरु : जस्मा कोशी प्रदेशबाट एक जना, मधेश प्रदेशबाट एक जना, बागमती प्रदेशबाट एक जना (उपत्यका बाहेक), गण्डकी प्रदेश र लुम्बिनी प्रदेश (बांके, बर्दिया बाहेक) बाट एक जना, कर्णाली र सुदुर पश्चिम प्रदेश (बांके, बर्दिया समेत) बाट एक जना, उपत्यका क्षेत्रबाट एक जना उपाध्यक्ष, सोही बमोजिम १२ जना क्षेत्रगत सदस्यहरु, महासचिव १ जना, कोषाध्यक्ष १ जना, ५ जना सदस्यहरु प्रत्यक्ष चयन गर्नेछ । २ जना उपाध्यक्षहरुमा श्रीकृष्ण प्रणामी प्रतिष्ठान नेपालबाट १ जना र श्रीकृष्ण प्रणामी सत्संग सेवा परिषद झापाबाट १ जना संस्थागत रहनेछन ।<br><br>तर श्रीकृष्ण प्रणामी प्रतिष्ठान नेपाल र श्रीकृष्ण प्रणामी सत्संग सेवा परिषद झापाको विधानमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, प्रणामी समाजको केन्द्रीय संस्थाभएको, ति संस्था श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको संस्थागत सदस्य भएको र ति संस्थाको तर्फबाट श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीय समितिमा एक उपाध्यक्ष रहने कुरा उल्लेख गर्नुपर्ने छ ।<br><br>१(ग) मनोनीत सदस्य (तीन जना महिला सहित) -९ जना, (कुल २६ जना सदस्यहरु मध्येबाट उपमहासचिव र सहकोषाध्यक्ष १/१ जना चयन हुनेछन ।)<br>१(घ) उपरोक्त बमोजिमको केन्द्रीय समितिको गठन तथा कार्य विभाजन नियमावलीमा तोकिए बमोजिम हुनेछ । | परिवर्तित संरचना र व्यवस्था बमोजिम प्रादेशिक संरचनाको व्यवस्था सहित कार्यक्षेत्र समेत स्पष्ट पारी समयानुकुल मिलाइएको |
| १२ | दफा १५ को उपदफा (१क) पछि | **१५ (१ख). प्रदेश समन्वय समिति सम्बन्धी व्यवस्था :** | ***१५ . (१घ). प्रदेश समन्वय समिति सम्वन्धी व्यवस्था :***<br>(१) प्रत्येक प्रदेशमा जिल्ला तथा इकाइ समितिका बीचमा समन्वयकारी | प्रदेश समितिको |

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| | देहायको उपदफा (१ख) राख्ने | नयां थप व्यवस्था | भूमिका निर्वाह गर्न केन्द्रीय समितिले एक प्रदेश समन्वय समिति गठन गर्नेछ । प्रदेश समितिको गठन तथा कार्यबिभाजन नियमावलीमा तोकिए बमोजिम हुनेछ । | व्यवस्था गरी स्पष्ट पारिएको |
| १३ | दफा-१५ उपदफा (३) ढ) | दफा १५ को उपदफा (३) को खण्ड (ढ) हटाइ दफा २४ मा लगिएको । | *खारेज* | दफा २४ मा लगिएको |
| १४ | परिच्छेद-४ दफा-१५ उपदफा (५) | **१५. <u>कार्य समितिको गठनः</u>**<br>(५) कार्य समितिका पदाधिकारीहरुको पदावधि ३ (तीन) वर्षको हुनेछ र निजहरु पुनः निर्वाचित हुन सक्नेछन् । तर सामान्यतया लगातार दुई पटक भन्दा बढी एकै पदमा सोही व्यक्ति निर्वाचित हुन सक्ने छैन । | **१५. <u>कार्य समितिको गठनः</u>**<br>(५) कार्य समितिका पदाधिकारी सदस्यहरुको पदावधि ३ (तीन) वर्षको हुनेछ र निजहरु पुनः निर्वाचित हुन सक्नेछन् । सामान्यतया कुनै पनि ब्यक्ति कुनै पनि पदमा ३ (तीन) पटक भन्दा बढी रहन सक्ने छैन । तर केन्द्रीय समितिका हकमा भने लगातार दुई पटक भन्दा बढी एकै पदमा सोही व्यक्ति निर्वाचित हुन सक्ने छैनन । | कार्य अवधि स्पष्ट पारिएको |
| १५ | परिच्छेद-४ दफा-१७ उपदफा (१)<br><br>दफा-१७ उपदफा (२) | दफा-१७ उपदफा (१)<br>खण्ड (च) पछि खण्ड (छ) थप<br><br>दफा-१७ उपदफा (२)<br>खण्ड (ङ) पछि खण्ड (च) थप | दफा १७ को उपदफा १<br>(छ) केन्द्रीय समितिले संस्थाको विधि, विधान, निर्णय तथा तोकिएको आचरण बिपरित कार्य गरेको आधारमा समितिको निर्णयबाट निलम्बित भएको वा दफा ४० बमोजिम अविस्वासको प्रस्ताव पारित भई पदमुक्त भएको ३ वर्ष ब्यतित नभएको ब्यक्ति ।<br><br>दफा १७ को उपदफा २<br>(च) केन्द्रीय समितिले संस्थाको विधि, विधान, निर्णय तथा तोकिएको आचरण बिपरित कार्य गरेको आधारमा समितिको निर्णयबाट निलम्बित भएमा । | संस्था दर्ता ऐन बमोजिम योग्यता सम्बन्धी व्यवस्थामा थप स्पष्ट गरिएको |
| १६ | दफा-१९ उपदफा (४) को खण्ड (ख) | दफा-१९ उपदफा (४) को खण्ड (ख) मा संशोधन<br>(ख) काठमाडौं उपत्यका र मध्यमाञ्चलको प्रतिनिधीत्व गर्ने उपाध्यक्ष - २ जना, | **दफा-१९ उपदफा (४) को खण्ड**<br>(ख) काठमाडौं उपत्यका र बागमती प्रदेशको प्रतिनिधित्व गर्ने उपाध्यक्ष - २ जना, | परिवर्तित संरचना अनुसार मिलाइएको |
| १७ | **२१. <u>प्रमुख संरक्षक</u>** :<br>*<u>दफा २१ को उपदफा ४, ५</u>* | **२१. <u>प्रमुख संरक्षक</u>** :<br>*<u>दफा २१ को उपदफा ४, ५ को सट्टा देहायको उपदफा ४, ५, ६, र ७ राख्ने</u>*<br>(४) कुनै पनि धार्मिक विवाद भएमा प्रमुख संरक्षकको निर्णय अन्तिम मानिनेछ ।<br>(५) प्रमुख संरक्षकबाट प्राप्त निर्देशनहरुको पालना गर्नु गराउनु समितिको कर्तव्य हुनेछ । | **२१. <u>प्रमुख संरक्षक</u>** :<br>*<u>उपदफा ४, ५, ६, ७ राख्ने</u>*<br>(४) प्रमुख संरक्षकलाई श्री नवतनधामका लागि गादिपति महाराज र महन्त तथा नेपाल भित्र रहेका अन्य धामहरुमा समेत गादिपति महन्त नियुक्ति गर्ने, धार्मिक मान पदवी दिने, निजहरुको कार्य विभाजन गर्ने एबम् फेरबदल गर्ने अधिकार रहनेछ । साथै तोकिएका मापदण्ड पुगेका मन्दिरहरुलाई धामको रुपमा समेत तोक्न सक्नु हुनेछ । यस सम्बन्धको निर्णय लिनु हुदा प्रमुख संरक्षकले संरक्षक परिषद, श्री नवतनधामका गादिपति महाराज, महन्त, केन्द्रीय अध्यक्ष, केन्द्रीय सल्लाहकार संयोजक तथा | यो संस्था धार्मिक संस्था भएको र सन्तगुरुजनहरुबाट धाम मन्दिर धार्मिक विधि विधान अनुसार संचालन गर्नु पर्ने भएकोले प्रमुख संरक्षकको भूमिका महत्वपूर्ण रहने हुदा विधानमा स्पष्ट पारिएको |

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| | | | सम्बन्धित संस्थाका प्रतिनिधिसंगको परामर्शमा गर्नुहुनेछ । उपरोक्त पक्षसंगको आवश्यक परामर्श पछि प्रमुख संरक्षकले गर्नु हुने निर्णय अन्तिम हुने र उपरोक्तानुसारका निर्णयहरु संरक्षक परिषद सचिवालय मार्फत जानकारी गराइने छ ।<br>(५) कुनै पनि धार्मिक विषयमा प्रमुख संरक्षकको निर्णय अन्तिम मानिने छ ।<br>(६) श्रीकृष्ण प्रणामी धर्मको प्रवर्धन कार्यक्रम, सामाजिक सेवाका कार्यहरु, धामहरुका गुरुयोजनाहरु सहितका दीर्घकालिन कार्यक्रमहरुको लागि निर्देशन दिने तथा कार्य योजनालाई अन्तिम स्वीकृति प्रदान गर्ने अधिकार प्रमुख संरक्षकमा रहनेछ ।<br>(७) प्रमुख संरक्षकले माथि उल्लेख नभएका अन्य कुनै विशेष विषयमा सेवा समितिका अध्यक्ष, केन्द्रीय सल्लाहकार संयोजक संगको परामर्शमा निर्णय लिनु सक्नु हुनेछ । प्रमुख संरक्षकबाट प्राप्त गरिएका निर्णय, आज्ञा तथा निर्देशनहरुको पालना गर्नु गराउनु समितिको कर्तव्य हुनेछ । | |
| १८ | परिच्छेद-५<br>दफा-२२<br>उपदफा (२)<br>(३) | **२२. संरक्षक परिषद :**<br>(२) उपधारा (१) बमोजिमको संरक्षक परिषदमा देहाय बमोजिम विशिष्ट संरक्षक, विशेष संरक्षक र संरक्षकहरु रहनु हुनेछ :-<br>(क) श्री महामंगलपुरीधामका प्रमुख आचार्य संस्थाको विशिष्ट संरक्षक हुनु हुनेछ ।<br>(ख) श्री पद्मावतीपुरीधाम ट्रष्टका प्रमुख वा प्रतिनिधि, श्री बाबा दयारामधाम, श्री मंगलधाम, श्री वृन्दावन परमधाम, श्री भद्रावतिपुरिधाम, श्री नवतनधाम काठमाडौं तथा मुक्तिधाम इटहरीका गादिपति, महन्त महाराजलाई केन्द्रीय समितिले बिशेष संरक्षक वा संरक्षकमा राख्ने छ ।<br>(ग) श्रीकृष्ण प्रणामी धर्मका अन्य बिभिन्न प्रमुख पीठ तथा धामका आचार्य, सन्त महन्तहरुलाई केन्द्रीय समितिले बिशेष संरक्षक वा संरक्षकको रुपमा राख्न सक्ने छ ।<br>(घ) संस्थाको हित र विकासका निमित्त विशिष्ट संरक्षक विशेष संरक्षक तथा संरक्षकहरुले केन्द्रीय समितिलाई निर्देशन प्रदान गर्ने र सुझावहरु प्रदान गर्ने, स्थलगत भ्रमण गरी प्रत्यक्ष रुपमा हौसला प्रदान गर्ने जस्ता भूमिका निर्वाह गर्नुहुनेछ ।<br>(ङ) संरक्षकमा रहने तथा रहनु भएका व्यक्ति साधारणतया समितिका वा सदस्य संस्थाका कुनै पनि कार्यकारी पदमा | **२२. संरक्षक परिषद :**<br>*उपदफा २ र उपदफा ३ को सट्टा देहाएका उपदफा राख्ने*<br>(२) उपदफा (१) बमोजिमको संरक्षक परिषदमा देहाय बमोजिम विशिष्ट संरक्षक, विशेष संरक्षक र संरक्षकहरु रहनु हुनेछ :-<br>(क) प्रमुख संरक्षक- नवतनपुरीधामका गादिपति, धर्माचार्य, महाराजश्री<br>(ख) बिशिष्ठसंरक्षक-महामंगलपुरीधामका गादिपति, धर्माचार्य, महाराजश्री<br>(ग) विशेष संरक्षक-पद्मावतीपुरधाम ट्रष्टका प्रमुख वा धर्मगुरु/प्रतिनिधि धर्माधिकारी, श्री नवतनधामका गादिपति महाराज, श्री बाबा दयारामधाम, श्री मंगलधाम, श्री वृन्दावन परमधाम, श्री भद्रावतिपुरिधाम तथा श्री मुक्तिधाम इटहरीका गादिपति, महन्त महाराज बिशेष संरक्षक हुनु हुनेछ ।<br>(घ) संरक्षक- श्री नवतनधाम काठमाण्डौका महन्त महाराज, धर्मधाम जिरौना, निजानन्दधाम नजरपुर, श्रीराधाकृष्ण प्रणामी मन्दिर धरान-८ का श्री १०८ उपाधि प्राप्त गादिपति, महन्त महाराजहरु संरक्षक हुनु हुनेछ ।<br>(ङ) प्रमुख संरक्षक तथा संरक्षक परिषदले तोके बमोजिका नेपालका श्री १०८ उपाधि प्राप्त अन्य महन्त महाराज संरक्षक हुनु हुनेछ ।<br>श्री १०८ उपाधिले विभूषित गर्ने प्रकृया विभूषित हुने महाराजको योग्यता संरक्षक परिषदको कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । | परिबर्तित संरचना बमोजिम संरक्षक परिषदको संरचना मिलाइएको तथा अधिकारको व्यवस्था थप मिलाइएको |

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| | | रहनु हुने छैन ।<br>(३) संस्थाको केन्द्रीय अध्यक्ष संरक्षक परिषदको सचिव हुनेछ । | (च) संस्थाको केन्द्रीय अध्यक्ष तथा केन्द्रीय सल्लाहकार समितिको संयोजक संरक्षक परिषदको पदेन विशेष सदस्य हुनेछन् ।<br>(छ) संरक्षक परिषद सचिवालयको संयोजक संरक्षक परिषदको सचिव हुनेछ ।<br>(३) संस्थाको हित र विकासका निमित्त संरक्षक परिषदका सदस्यहरुले केन्द्रीय समितिलाई निर्देशन, सुझाव दिदै हौसला प्रदान गर्न सक्नु हुनेछ । संरक्षक परिषद सदस्यहरुलाई संरक्षक परिषद सचिवालय मार्फत लिखित प्रस्ताव तथा सुझाव पेश गर्ने अधिकार हुनेछ । त्यसरी प्राप्त हुन आएका प्रस्तावहरु संरक्षक परिषद सचिवालयका संयोजकले प्रमुख संरक्षक समक्ष प्रस्तुत गरी, स्वीकृत गराई संरक्षक परिषद बैठकमा छलफलका लागि पेश गरिनेछ । छलफल पश्चात प्रमुख संरक्षकबाट भएको निर्णय अन्तिम हुनेछ । | |
| १९ | **दफा २३ उपदफा १** | **२३ धर्म सभा सम्बन्धी व्यवस्था :**<br>(१) श्रीकृष्ण प्रणामी सेवा समिति नेपाललाई श्रीकृष्ण प्रणामी धर्मको संरक्षण एवं सम्वर्धनका लागि दीर्घकालिन तथा अल्पकालिन नीति निर्धारण तथा कार्य निर्देशन गर्ने प्रयोजनका लागि केन्द्रीय स्तरमा प्रमुख संरक्षकको संयोजकत्वमा देहायका व्यक्तिहरु रहेको एक धर्म सभा गठन हुनेछ :-<br>(क) प्रमुख संरक्षक - संयोजक<br>(ख) विशिष्ट संरक्षक, विशेष संरक्षक तथा संरक्षकहरु,<br>(ग) सल्लाहकार समितिका अध्यक्ष तथा सल्लाहकार समितिले आफूमध्येबाट तोकेका अन्य तीन जना प्रतिनिधिहरु,<br>(घ) प्रमुख संरक्षकले केन्द्रीय कार्य समितिसंग परामर्श गरी सन्त, महन्त, पुजारी, पण्डीत विद्धान, विदुषि मध्येबाट मनोनयन गरेका २५ जना व्यक्तिहरु,<br>(ङ) केन्द्रीय कार्य समितिको सवै उपाध्यक्ष र केन्द्रीय कार्य समितिले तोकेका अन्य सात जना प्रतिनिधिहरु,<br>(च) केन्द्रीय कार्य समितिको अध्यक्ष - सदस्य सचिव | **२३ धर्मसभा सम्बन्धी व्यवस्था :**<br>(१) श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीयधाम श्री नवतनधामका गादिपति महाराजको संयोजकत्वमा नेपालका लागि देहायका महानुभावहरु रहेको एक धर्मसभा गठन हुनेछ ।<br>(क) श्री नवतनधामका गादिपति महाराज - संयोजक,<br>(ख) श्री मुक्तिधाम इटहरीका गादिपति/महन्त महाराज-उपसंयोजक,<br>(ग) श्री नवतनधामका महन्त महाराज-सदस्य सचिव ।<br>(घ) श्री धर्मधाम जिरौना, श्री निजानन्दधाम नजरपुर, श्रीराधाकृष्ण प्रणामी मन्दिर धरान-८ का श्री १०८ उपाधि प्राप्त गादिपति/महन्त महाराजहरु-सदस्य,<br>(ङ) प्रमुख संरक्षक तथा संरक्षक परिषदले तोके बमोजिका नेपालका श्री १०८ उपाधि प्राप्त अन्य महन्त महाराजहरु-सदस्य,<br>(च) प्रमुख संरक्षकद्वारा धर्मसभाका संयोजक तथा केन्द्रीय समितिसंग परामर्श गरी मनोनयन गरिएका २५ जना व्यक्तिहरु,<br>(छ) केन्द्रीय सल्लाहकार समितिका संयोजक तथा सल्लाहकार समितिले आफुमध्येबाट तोकेका अन्य तीन जना प्रतिनिधिहरु,<br>(ज) केन्द्रीय समितिका अध्यक्ष, निबर्तमान अध्यक्ष, सबै केन्द्रीय उपाध्यक्षहरु, सबै पूर्व केन्द्रीय अध्यक्षहरु र केन्द्रीय समितिले मनोनयन गरि पठाएका अन्य ७ जना प्रतिनिधहरु,<br>(झ) संरक्षक परिषद सचिवालयका संयोजक तथा सदस्यहरु,<br>(ञ) युवा परिषद नेपालका केन्द्रीय अध्यक्ष तथा अनुभवी एवम् प्रवुद्ध | संरक्षक परिषदकै मातहत रहे जस्तो देखिएको र आवश्यक बिषयमा चाडै निर्णय पनि लिनु पर्ने भएकोले नेपालमा धर्मसभाको प्रमुखमा केन्द्रीय धामका प्रमुख महन्तको संयोजकत्वमा धर्मसभा गठन हुने व्यवस्था मिलान गरिएको<br><br>धर्मसभामा सबैक्षेत्रबाट थप प्रतिनिधित्वका लागि व्यवस्था मिलाइको |

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| | | | युवा सदस्यहरु मध्येबाट मनोनय गरि पठाएका २ जना सहित ३ जना र श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालका केन्द्रीय अध्यक्ष तथा अनुभवी र प्रवुद्ध महिला सदस्यहरु मध्येबाट मनोनयन गरि पठाएका २ जना सहित ३ जना प्रतिनिधिहरु,<br>(ट) धार्मिक कार्य व्यवस्थापन महाशाखा अन्तर्गतका विभागीय प्रमुखहरु,<br>((ठ) धर्मसभाको संचालन तोकिएको कार्यविधि बमोजिम हुनेछ । साथै धर्मसभाले गरेका निर्णयहरु प्रमुख संरक्षकबाट अनुमोदन भएपछि मात्र लागु हुनेछ । | |
| २० | *दफा २३ क.* | दफा २३ को उपदफा ३ पछि देहायको दफा (२३क.) थप गर्ने<br>नया थप | **२३ क. संरक्षक परिषद् सचिवालयः**<br>(क) प्रमुख संरक्षकबाट संरक्षक परिषद्को काम काजलाई व्यवस्थित गर्न एक जना संयोजक सहित बढीमा ९ (नौ) जनासम्म सदस्य रहेको एक संरक्षक परिषद सचिवालय गठन हुनेछ ।<br>(ख) प्रमुख संरक्षकबाट स्वीकृत कार्यविधि बमोजिम संरक्षक परिषद सचिवालय गठन तथा सञ्चालन हुनेछ । | संरक्षक परिषदमा सचिवालयको व्यवस्था थप गरिएको साथै यस्ले संरक्षक परिषद तथा केन्द्रीय समितिलाई समन्वय गर्न सजिलो होस भनि व्यवस्था थप गरिएको |
| २१ | परिच्छेद ५ दफा २४ उपदफा (१) | **२४.धाम तथा गादिपति वा महन्त सम्बन्धी व्यवस्था : उपदफा (१) मा संशोधन**<br>१. **श्री नवतनधाम** :<br>काठमाडौं जिल्ला कागेश्वरी मनहरा न.पा. वडा नं.-११ मा स्थापित श्री नवतनधाम यस संस्थाको तथा नेपालका समस्त श्रीकृष्ण प्रणामी धर्मका अनुयायी सुन्दरसाथहरुको प्रमुख केन्द्रीय धाम (मन्दिर) हुनेछ ।<br>(क) श्री नवतनधामको संचालन केन्द्रीय कार्य समितिको सल्लाह र निर्देशनमा इकाई समितिबाट हुनेछ साथै काठमाडौं जिल्ला का.म.पा. वडा नं.-३२, डिल्लीबजार स्थित श्री युगलस्मृति भवन (श्रीकृष्ण प्रणामी मन्दिर) ललितपुर जिल्ला ल.पु.उ.म.पा. वडा नं.-३, पुल्चोक स्थित श्री निजानन्द बृद्धआश्रम, का.म.पा. वडा नं.-३४, कोटेश्वर स्थित श्री प्राणनाथ सेवा आश्रम र गोंगबु टोखा न.पा.-१४ स्थित श्रीकृष्ण प्रणामी सत्संग भवनको सञ्चालन एवं व्यवस्थापन श्री नवतनधाम इकाई समितिबाट हुनेछ ।<br>(ख) श्री नवतनधाम संचालक समितिको अध्यक्षलाई केन्दीय कार्य समितिले आवश्यक परेमा समितिको बैठकमा बोलाउन सक्नेछ ।<br>(ग) संस्थाले नेपाल राज्यभर कुनै स्थानमा रहेका मन्दिर वा | **२४. धाम तथा गादिपति महाराज तथा महन्त सम्बन्धी व्यवस्थाः**<br>(१). श्री नवतनधाम तथा केन्द्रीय मन्दिर सम्बन्धी व्यवस्था :<br>(क) काठमाडौं जिल्ला कागेश्वरी मनहरा न.पा. वडा नं.-८ मा स्थापित श्री नवतनधाम यस संस्थाको तथा नेपालका समस्त श्रीकृष्ण प्रणामी धर्मका अनुयायी सुन्दरसाथहरुको प्रमुख केन्द्रीय धाम ( मन्दिर) हुनेछ ।<br>(ख) श्री नवतनधामको सञ्चालनका लागि केन्द्रीय समितिले श्री नवतनधामका गादिपति महाराजको संयोजकत्वमा छनौट समिति गठन गरी नियमावलीमा व्यवस्था भए बमोजिम श्री नवतनधाम सभाबाट एक व्यवस्थापन समिति गठन गरी संचालन गर्ने व्यवस्था मिलाउने छ । श्री नवतनधाम व्यवस्थापन समिति गठन गर्दा संम्भव भएसम्म स्थानीय सुन्दरसाथ (कागेश्वरी मनोहरा न.पा., गोकर्णेश्वर न.पा., का.म.न.पा.का केही भाग) बाट ५० प्रतिशत, उपत्यका भित्रबाट २५ प्रतिशत र राष्ट्रीय स्तरबाट २५ प्रतिशत रहने गरी गठन गरिने छ । साथै सो समितिमा काठमाण्डौ ललितपुर, भक्तपुर, काभ्रे र नुवाकोटका जिल्ला अध्यक्ष पदेन सदस्य रहनेछन । उक्त व्यवस्थापन समितिको गठन विधि तथा काम, कर्तब्य र अधिकार नियमावलीमा तोकिए बमोजिम हुनेछ । | श्री नवतनधाम केन्द्रीय धाम मन्दिर रहेकोले केन्द्रीय समिति मातहत राखि संचालन गर्ने व्यवस्था मिलान गरिएको |

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| | | नवनिर्मित मन्दिरहरुलाई क्षेत्रीय धामको रुपमा तोकि संचालन गर्न सक्नेछ ।<br>(घ) खण्ड (ख) मा रहेका श्री युगल स्मृति भवन डिल्लीबजार, श्री निजानन्द बृद्धाश्रम पुल्चोक, श्री प्राणनाथ सेवा आश्रम कोटेश्वर र सत्संग भवन गोंगबुको संचालन एवं व्यवस्थापनका लागि श्री नवतनधाम संचालक समितिबाट सम्बन्धित क्षेत्रका सुन्दरसाथ सदस्यहरु समेत रहेको संयोजक सहित बढीमा ५ जना सम्मको व्यवस्थापन समिति गठन हुनेछ । यसरी गठन हुने व्यवस्थापन समितिहरुले श्री नवतनधाम मन्दिर संचालक समितिको प्रत्यक्ष सरसल्लाह र नीति निर्देशनमा काम गर्नेछन् । | (ग) श्री नवतनधामको मातहतमा काठमाडौं जिल्ला का.म.पा. वडा नं.-२९, डिल्लीबजार स्थित श्री युगलस्मृति भवन (श्रीकृष्ण प्रणामी मन्दिर), ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.३ पुल्चोक स्थित श्री निजानन्द बृद्धआश्रम (श्रीकृष्ण प्रणामी मन्दिर), का.म.पा. वडा नं.-३२, कोटेश्वर स्थित श्री प्राणनाथ सेवा आश्रम र टोखा न.पा.-वडा नं.-१४ स्थित श्रीकृष्ण प्रणामी सत्संग समिति गोंगबु रहने छन ।<br>यी इकाईहरुको सञ्चालन तथा संगठनात्मक सम्बन्ध सम्बन्धित जिल्ला समिति अन्तर्गत रहने गरी नियमावलीमा तोकिए बमोजिम हुनेछ । | |
| २२ | दफा-२४ उपदफा (२) | दफा-२४ उपदफा (२) मा संशोधन खण्ड (क) ख) र (ग) यथावत<br>**२. गादिपति/महाराज :**<br>प्रमुख संरक्षकले संरक्षक परिषद, सल्लाहकार समिति र केन्द्रीय कार्य समितिसँग परामर्श गरी कुनै सन्त वा महात्मालाई काठमाडौं जिल्ला कागेश्वरी मनहरा न.पा.वडा नं.-११ स्थित श्री नवतनधामको गादिपति/महाराज नियुक्त गर्न सक्नुहुनेछ । गादिपतिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :- | ***दफा-२४***<br>**२. गादिपति महाराज तथा महन्त सम्बन्धी व्यवस्था :**<br>(क) प्रमुख संरक्षकले श्री नवतनधामको प्रगति र सुव्यवस्थित सञ्चालनको लागि केन्द्रीय समितिको अध्यक्ष, सल्लाहकार संयोजकसंग परामर्श गरी श्री १०८ उपाधी प्राप्त सन्त वा महात्मामध्येबाट एकजना श्री नवतनधामको गादिपति महाराज र गादिपति महाराजको सहयोगको लागि एक जना महन्त महाराज नियुक्त गर्न सक्नुहुनेछ ।<br>(ख) श्री नवतनधामका गादिपति महाराज तथा महन्त महाराजको जिम्मेवारी प्रमुख संरक्षकले तोके बमोजिम हुनेछ ।<br>(ग) उपरोक्तानुसारका निर्णयहरु कार्यान्वयनका लागि संरक्षक परिषद सचिवालय मार्फत संरक्षक परिषद र केन्द्रीय समितिलाई जानकारी गराइने छ । | केन्द्रीयधाम श्री नवतनधाममा गादिपति/प्रमुख महन्त तथा महन्तको स्पष्ट व्यवस्था गरिएको |
| २३ | दफा-२४ उपदफा (३) नयां थप | **दफा-२४ उपदफा (३) नयां थप** | दफा २४.<br>**३. श्री नवतनधाम विराट विकास समितिको व्यवस्था :**<br>(क) नेपालको केन्द्रीयधाम श्री नवतनधामको सर्वागिण विकासका लागि प्रमुख संरक्षकको निर्देशनमा तयार गरिएको श्री नवतनधाम विकास गुरुयोजना कार्यान्वयनका लागि श्री नवतनधामका गादिपति महाराजको सल्लाह सहमतिमा श्री नवतनधाम विराट विकास समिति गठन गरिनेछ ।<br>(ख) श्री नवतनधाम विराट विकास समितिको गठन संचालन तथा सो को काम कर्तब्य र अधिकार केन्द्रीय समितिद्धारा पारित | केन्द्रीय धाम श्री नवतनधामको समग्र विकासका लागि एक विकास समितिको थप व्यवस्था गरिएको र सो को गठन प्रक्रिया स्पष्ट राखिएको |

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| | | | नियमावलीमा तोकिए बमोजिम हुनेछ । | |
| २४ | दफा २६ उपदफा (५) मासंशोधन | २६.सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार:<br>(५) कार्य समितिका पदाधिकारी तथा सदस्यको निर्वाचनको लागि निर्वाचन अधिकृत तोक्ने वा निर्वाचन उपसमिति गठन गर्ने । | **२६. <u>सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार</u> :**<br>***<u>उपदफा (५) को सट्टा देहाएको उपदफा (५) राख्ने (६) थप</u>***<br>(५) कार्य समितिका पदाधिकारी तथा सदस्यको निर्वाचनको लागि निर्वाचन अधिकृत तोक्ने वा निर्वाचन उपसमिति गठन गर्ने र सम्भव भए सम्म सहमतीय प्रणालीमा निर्वाचन गर्ने गराउने ।<br>(६) केन्द्रीय समितिको हकमा सल्लाहकार समितिले संरक्षक परिषद सचिवालयसंग समन्वय र सहजिकरण गरी सहमतीय प्रणालीमा निर्वाचन गर्न गराउन सहयोग गर्नेछ । | सल्लाहकार समितिको काम कर्तब्य थप गरिएको |
| २५ | परिच्छेद-५ दफा-२८ उपदफा (१), उपदफा (२) | **२८. केन्द्रीय विभागहरु रहने :**<br>(१) संस्थाको केन्द्रीय स्तरमा कार्य समितिले तोकेको केन्द्रीय पदाधिकारी वा सदस्यको संयोजकत्वमा देहायका विभागहरु गठन हुनेछन्<br>(क) सामाजिक सेवा विभाग,<br>(ख) धर्म प्रवर्धन तथा सांस्कृतिक विभाग,<br>(ग) वैदेशिक तथा सम्बन्ध विस्तार विभाग,<br>(घ) आर्थिक स्रोत परिचालन तथा व्यवस्थापन विभाग,<br>(ङ) प्रचार, प्रसार तथा प्रकाशन विभाग ।<br>(च) संस्थागत नीति तथा योजना विभाग,<br>(छ) विकास निर्माण विभाग,<br>(ज) सम्पत्ति संरक्षण विभाग,<br>(झ) आचार संहिता तथा अनुगमन विभाग ।<br>(२) विभागको काम, कर्तव्य र अधिकार, काम गर्दा अवलम्बन गर्ने कार्यविधी तथा अन्य व्यवस्था केन्द्रीय कार्य समितिले तोकि दिए बमोजिम हुनेछ । | **२८. महाशाखा तथा विभागहरु :**<br>(१) यो संस्था धार्मिक तथा सामाजिक संस्था भएकोले केन्द्रीय स्तरमा धार्मिक कार्य व्यवस्थापन महाशाखा र संगठन व्यवस्थापन महाशाखा गरी २ महाशाखा रहने छन् ।<br>(२) संस्थाको कार्य सञ्चालन सुव्यवस्थित गर्नका लागि महाशाखा अन्तर्गत आवश्यक विभागहरु गठन गरिने छ ।<br>(३) महाशाखा तथा विभागको गठन विधि, काम, कर्तब्य र अधिकार नियमावलीमा तोके बमोजिम हुनेछ । | केन्द्रमा दुई महाशाखा अन्तर्गत आवश्यकता अनुसार विभागहरु रहने ब्यवस्था मिलाइएको |
| २६ | *परिच्छेद-६, दफा-२९ को उपदफा (ख) को खण्ड (४)* | *दफा-२९ को उपदफा (ख) को खण्ड (४) मा संशोधन*<br>(ख) **<u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u>**<br>(४) उपाध्यक्षले आफूले प्रतिनिधित्व गरेका क्षेत्रका जिल्ला तथा इकाई समितिहरुको सम्पर्क समन्वयमा सहयोग पुऱ्याउने । | *दफा-२९*<br>**<u>(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u>**<br>(४) आफुले प्रतिनिधित्व गरेका क्षेत्रका प्रदेश संयोजक, जिल्ला समिति एवं केन्द्रीय सदस्य मार्फत संस्थाको नीति एवं कार्यक्रमको कार्यान्वयनमा सहयोग पुऱ्याउने । | उपाध्यक्षको काम लाई थप स्पष्ट पारिएको |

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| २७ | *दफा २९. को उपदफा (ज)* | *दफा २९. को उपदफा (छ) पछि उपदफा (ज) नयाँथप* | *दफा २९.*<br>(ज) **प्रदेश संयोजक तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार:** प्रदेश समन्वय समितिका संयोजक तथा सदस्यहरुको काम कर्तब्य अधिकार नियमावलीमा तोकिए बमोजिम हुनेछ । | प्रदेश संयोजक तथा सदस्यहरुको काम कर्तब्य र अधिकारलाई स्पष्ट पारिएको |
| २८ | परिच्छेद-७ दफा ३१ | **३१. संस्थाको चल, अचल सम्पत्तिको विवरण :**<br>धारा ३० बमोजिम प्राप्त सबै नगद रकम, जिन्सी वा त्यसबाट प्राप्त सम्पत्ति संस्थाको सम्पत्ति हुनेछ र त्यस्तो सम्पत्तिको अभिलेख प्रचलित लेखामान अनुसार दुरुस्त राखिनेछ । | **३१. संस्थाको चल, अचल सम्पत्ति सम्बन्धी व्यवस्था :**<br>(क) धारा ३० बमोजिम प्राप्त सबै नगद रकम, जिन्सी वा त्यसबाट प्राप्त सम्पत्ति संस्थाको सम्पत्ति हुनेछ र त्यस्तो सम्पत्तिको अभिलेख प्रचलित लेखामान अनुसार दुरुस्त राखिनेछ । अचल सम्पतिको अभिलेख केन्द्रीय समितिमा समेत राखिने छ ।<br>(ख) संस्थाको कुनै पनि तहले अचल सम्पतिको खरिद बिक्री, स्वामित्वको हस्तान्तरण वा भोगचलनको अधिकार अन्य कसैलाई प्रदान गर्ने कार्यका लागि केन्द्रीय समितिको अग्रिम स्वीकृत तथा सिफारिस प्राप्त गर्नु पर्नेछ । | संस्थाको अचल सम्पत्ति सम्बन्धी व्यवस्थालाई अझ स्पष्ट पारिएको |
| २९ | परिच्छेद-७ दफा ३२ | **३२. संस्थाको कोष :**<br>(५) संस्थाको खाता अध्यक्ष वा महासचिव/सचिव मध्येबाट १ जना र कोषाध्यक्ष/ सहकोषाध्यक्ष मध्येबाट १ जनाको अनिवार्य दस्तखत हुने गरि संयुक्त रुपमा संचालन हुनेछ । | **३२. संस्थाको कोष :**<br>(५) संस्थाको खाता अध्यक्ष वा महासचिव/सचिव मध्येबाट १ जना र कोषाध्यक्ष/सहकोषाध्यक्ष मध्येबाट १ जनाको अनिवार्य दस्तखत हुने गरि संयुक्त रुपमा संचालन हुनेछ । पहिलो पटक जिल्ला तथा इकाई समितिको नाममा बैंकमा खाता खोल्दा केन्द्रीय समितिको सिफारिस पत्र लिनु पर्ने छ । तत्पश्चात खाता सञ्चालक परिवर्तन सम्बन्धित समितिको निर्णय अनुसार गर्न सकिने छ । | खाता संचालनको ब्उवस्था स्पष्ट पारिएको |
| ३० | परिच्छेद-८ दफा-३७ | **३७. निर्वाचन सम्बन्धी प्रक्रिया :**<br>(१) कार्य समितिका पदाधिकारीको निर्वाचनको लागि सम्बन्धित सल्लाहकार समितिले निर्वाचन अधिकृत तथा आवश्यक्तानुसार सदस्यहरु तोक्नेछ ।<br>(२) सल्लाहकार समितिले निर्धारित गरेको प्रक्रिया अनुसार गोप्य मतदानद्वारा निर्वाचनहुनेछ । निर्वाचन प्रत्येक ३/३ वर्षमा हुनेछ ।<br>(३) निर्वाचनमा उम्मेदवार हुने प्रत्येक व्यक्तिले ईकाई स्तरमा रु.१००/- जिल्ला स्तरमा रु.२००/- र केन्द्रीय स्तरमा रु.३००/- उम्मेदवारी शुल्क निवेदन साथ राख्नु पर्नेछ । | **३७. निर्वाचन सम्बन्धी प्रक्रिया :**<br>(१) केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यको निर्वाचनको लागि सल्लाहकार समितिले केन्द्रीय समितिसंग परामर्श गरी तीन जना सदस्य रहेका एक निर्वाचन उपसमिति गठन गर्नेछ । जिल्ला तथा इकाईको हकमा सल्लाहकार समिति गठन नभएको भए सम्बन्धित कार्य समितिले माथिल्लो कार्यसमिति संग परामर्श गरी निर्वाचन उपसमिति गठन गर्नु पर्नेछ ।<br>(२) प्रत्येक तीन बर्षमा हुने कार्य समितिका पदाधिकारी तथा सदस्यको नेतृत्व चयन गर्ने प्रकृया तथा अन्य ब्यवस्था साधारणसभाबाट पारित निर्वाचन नियमावली बमोजिम हुनेछ ।<br>(३) पदाधिकारी निर्वाचित भए पश्चात निर्वाचन उपसमितिले निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्नेछ ।<br>(४) **सपथ ग्रहण** : प्रत्येक तहका कार्य समितिका पदाधिकारी एवं सदस्यहरुले पद बहाली गर्नु पूर्व अनुसूचि २(क) मा तोकिए | परिबर्तित संरचना तथा ब्यवस्था बमोजिम निर्वाचन सम्बन्धी प्रकृयालाई स्पष्ट पारिएको ।<br><br>सपथ ग्रहण गर्ने ब्यवस्था समावेश गरि केन्द्रीय पदाधिकारी सदस्यलाई प्रशिक्षण लिने ब्यवस्था समेत थप गरिएको |

## श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान-२०२३ को आठौ संशोधन-२०८०

| सि.नं | परिच्छेद, दफा, उपदफा | साविकको व्यवस्था | संशोधित हालको व्यवस्था | संशोधनको कारण र औचित्य |
|---|---|---|---|---|
| | | | बमोजिमको ढांचामा सपथ ग्रहण गर्नु पर्नेछ ।<br>(५) कुनै कारणबस केन्द्रीय समितिको नेतृत्व चयन गर्न नसक्ने परिस्थिति उत्पन्न भएमा अल्पकालिन ब्यवस्थाको रुपमा प्रमुख संरक्षकबाट संरक्षक परिषद सचिवालय संगको परामर्शमा एक अन्तरिम समिति गठन गरी कार्य संचालन गर्ने ब्यवस्था मिलाइने छ । यस्तो समितिले बढीमा ४ (चार) महिना भित्र विधिवत नेतृत्व चयनको ब्यवस्थापन मिलाउने प्रमुख जिम्मेवारी हुनेछ । | |
| ३१ | धारा उपधारा | विधानको हरेक ठाउमा लेखिएको धारा, उपधारा शब्दलाई दफा, उपदफा भनि संशोधन गर्ने । | विधानको हरेक ठाउमा लेखिएको धारा, उपधारा शब्दलाई दफा, उपदफा भनि संशोधन गर्ने ।<br>दफा २ को खण्ड (घ), (ङ),(च), (झ), (ड१), दफा ३ को उपदफा (५), दफा ७ को उपदफा (३), दफा १० को उपदफा (२) को खण्ड (ख), (ग), उपदफा (४), उपदफा (७), उपदफा (८), उपदफा (९), दफा ११ को उपदफा (१), उपदफा (४), दफा १२ को उपदफा (५), दफा १५ को उपदफा (४), दफा १९ को उपदफा (२), (३), (४), (५), दफा २३ को (२), दफा ३० को उपदफा (२), दफा ३१, दफा ३२ को उपदफा (२), (६), दफा ३५ को उपदफा (२), दफा ३९ को उपदफा (२), (३), दफा ४० को उपदफा (२), (३), (४), दफा ४१ को उपदफा (२) मा रहेका धारा तथा उपधारा शब्दलाई दफा र उपदफा भनि संशोधन गर्ने । | विधानमा भएको धारा उपधारा शब्दलाई दफा उपदफामा संशोधन गरिएको |
| ३२ | दफा उपदफा | विधानको विभिन्न दफामा रहका केन्द्रीय कार्य समिति, जिल्ला कार्य समिति, इकाई कार्य समितिको नाममा संशोधन गर्ने | विधानको विभिन्न दफा उपदफामा रहेका समितिको नाम केन्द्रीय समिति, जिल्ला समिति, इकाई समिति कायम गर्ने । साथै केन्द्रीय कार्य सम्पादन समितिको नाम सचिवालय समिति कायम गर्ने । | कार्य समितिलाई समिति कायम गरिएको |
| ३३ | दफा उपदफा | अनुसूचिमा संशोधन | ***दफा ३ को उपदफा (५) मा रहेको***<br>(५) उपदफा (२), (३) र (४) बमोजिमको छाप, लोगो, झण्डाको नमूना (ढाँचा) अनुसूचि १ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>(क) छाप तथा लोगो : अनुसूचि (१) मा रहेको लोगो तथा छापमा नेपालको संविधानमा उल्लेखित नेपालको नक्सा राख्ने र तल केन्द्रीय कार्यालयको स्थानमा केन्द्रीय समिति लेख्ने । | समसामयिक बनाइएको |

॥ प्रणाम ॥

<u>सल्लाहकारज्यूहरु</u>
श्री हरिकेशव फुयाल-संयोजक सल्लाहकार समिति
श्री राघवराज रेग्मी --संयोजक संरक्षक परिषद स.
श्री श्याम के.सी.-निबर्तमान अध्यक्ष

विधान संशोधन मस्यौदा उपसमिति ⟹

| | | | | |
|---|---|---|---|---|
| ………………… | ………………… | ………………… | ………………… | ………………… |
| (मीरा खतिवडा(सञ्जेल) | (नमराज ढकाल) (के.स.) | (नवराज कोइराला) | (रेशमराज ढकाल) | (श्यामकृष्ण शर्मा) |
| उपाध्यक्ष, वाइजुराज | निबर्तमान अध्यक्ष युवा | के.महासचिव | के.उपाध्यक्ष | के.अध्यक्ष |
| सदस्य | सदस्य | सदस्य | सदस्य | संयोजक |

## श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको प्रस्तावित सांगठनिक स्वरुप

